"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मितिः २०७९।०१।३०

## हार्दिक आभार

आज भएको स्थानीय तहको निर्वाचन महालक्ष्मी नगरपालिकामा शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। महालक्ष्मी नगरपालिकाका मतदाताहरुले निर्भयतापूर्वक विवेकसम्मतरूपले सक्षम प्रतिनिधि छनोटका लागि आफ्नो अमूल्य अभिमत प्रदान गर्नुभएको छ। जनताको घर आँगनको सरकारका जनप्रतिनिधिहरु छनोट गर्न नगरबासी आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुले पुऱ्याउनुभएको योगदान र सजगताका लागि पनि विशेष धन्यवाद व्यक्त गर्दछु।

मतदान प्रक्रिया सकिए पनि नतिजा नआएसम्म आपसी एकता, मेलमिलाप र विश्वासपूर्ण सम्बन्ध कायम रहने अपेक्षा गरेको छु। मतदानमा जस्तै मतगणना सम्बन्धि कार्यमा पनि नगरमा क्रियाशील राजनीतिक दल र स्वतन्त्र उम्मेद्वारहरुले सहयोगी भूमिका निर्वाह गर्नुहुने विश्वास लिएको छु।

महालक्ष्मी नगरपालिकामा स्वच्छ, निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गर्न अहोरात्र खटिनु भएका निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकायहरु, राजनीतिक दलहरु, पत्रकारहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यवेक्षक, स्वयंसेवक, सहयोगी र आम नगरबासी सबैमा धन्यवाद तथा आभार व्यक्त गर्दछु।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख
महालक्ष्मी नगरपालिका, ललितपुर